# शैक्षिक गुठी दर्ता सम्बन्धी कार्यविधि, २०८२

(शैक्षिक गुठी दर्ताको प्रमाणपत्र उपलब्ध गराउने प्रयोजनका लागि तयार पारिएको कार्यविधि)

देवानगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
देवानगञ्ज, सुनसरी

स्वीकृत मिति-२०८२।०६।०९

वेचन प्रसाद मेहता
अध्यक्ष

CamScanner

# शैक्षिक गुठि दर्तासम्बन्धी कार्यविधि, २०८२

प्रस्तावनाः देवानगञ्ज गाउँपालिका अन्तर्गत स्थापना गरिने नयाँ संस्थागत विद्यालयहरुलाई गुठिमा दर्ता गरि कक्षा सञ्चालनको अनुमति प्रदान गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (२) को (ज) उपदफा (२) बमोजिम देवानगञ्ज गाउँपालिका, गाउँकार्यपालिकाले यो कार्यविधि निर्माण गरेको छ।

## परिच्छेदः १ प्रारम्भिक

१. यो कार्यविधिको नाम " शैक्षिक गुठि दर्तासम्बन्धी कार्यविधि, २०८२" राखिएको छ।

२ यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट स्विकृत भएको मिति देखि गाउँपालिका भित्र लागु हुनेछ ।

## परिच्छेदः २ परीभाषा

३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्दछ ।

ख) "गाउँपालिका" भन्नाले देवानगञ्ज गाउँपालिका सम्झनु पर्छ।

ग) प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

घ) " समिति" भन्नाले शैक्षिक गुठि दर्ता समितिलाई सम्झनुपर्दछ ।

ङ) "सामाजिक विकास संयोजक" भन्नाले गाउँपालिकाको सामाजिक विकास संयोजकको रुपमा जिम्मेवारी प्रदान गरिएको व्यक्ति सम्झनुपर्दछ ।

च) " शिक्षा शाखा प्रमुख" भन्नाले शिक्षा शाखाको प्रमुखलाई सम्झनुपर्दछ ।

छ) "शैक्षिक गुठि" विद्यालय सञ्चालन गर्नको लागि कुनै नाफा नलिने उदेश्यले स्थापना गरेको गूठि सम्झनुपर्छ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

## परिच्छेदः ३ शैक्षिक गुठि दर्ता समिति सम्बन्धी व्यवस्था

४. शैक्षिक गुठी दर्ताको निर्णय गर्नको लागि गाउँपालिकामा देहाय बमोजिमको एक " शैक्षिक गुठि दर्ता समिति" रहनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत — अध्यक्ष

(ख) गाउँपालिकाको सामाजिक विकास संयोजक — सदस्य

(ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य- सचिव

५. शैक्षिक गुठि दर्ता समितिको काम कर्तव्य र अधिकारः गुठि दर्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) शैक्षिक गुठिको लागि प्राप्त भएका निवेदन तथा विधानको अध्ययन गर्ने र नियमानुसार अन्तिमिकिकरण गर्ने

ख) गुठि विधान दर्ताको लागि बैठक राखि निर्णय गर्ने

ग) गुठि विधान प्रमाणिकरण गर्ने गराउने

घ) गुठि दर्ता प्रमाणपत्र प्रदान गर्न प्रमुख प्रशासकिय अधिकृत/शिक्षा अधिकृतलाई सिफारीस गर्ने

## परिच्छेदः ४ शैक्षिक गुठि दर्ता प्रक्रिया

६. शैक्षिक गुठि दर्ताप्रक्रिया देहायबमोजिम हुनेछः

क) कुनै पनि नेपाली नागरिकले शैक्षिक गुठि दर्तागर्न चाहेमा गुठिको विधान, गुठियारहरुको निर्णय र नागरिकताको प्रमाणपत्र सहित अनुसुचि-१ बमोजिमको ढाँचामा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुपर्नेछ, जसमा देहायका कुरा अनिवार्य रुपमा खुलाएको हुनुपर्नेछः

अ. विद्यालयको नाम र ठेगाना

आ. शैक्षिक गुठिका संस्थापकको नाम र ठेगाना

इ. शैक्षिक गुठिका गुठियार तथा गुठियारको मुख्य भई काम गर्ने व्यक्तिको नाम, नियुक्ति प्रकृया र कार्यकाल

बेचन प्रसाद मेहता
अध्यक्ष

ई. गुठियारको काम कर्तव्य अधिकार तथा निजहरुले पाउने सुविधा

उ. शैक्षिक गुठीमा रहेको घर जग्गा आम्दानी ऋण तथा अन्य सम्पतिको विवरण

ऊ. अन्य आवश्यक कुराहरु

ख) शैक्षिक गुठि दर्ताको लागि निवेदन प्राप्त भएपछि गुठिको विधान सहित उक्त निवेदन सदस्य सचिवले समिति समक्ष पेस गर्नेछ ।

ग) समितिले विधान अन्य आवश्यक कुराहरु जाँचबुझ गर्नेछ र आवश्यक ठानेमा सो गुठिको अवलोकन निरीक्षण समेत गरि गुठि दर्ता गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

घ) शैक्षिक गुठि दर्ता गर्न मनासिव देखिएमा उक्त समितिको सिफारीसमा प्रमुख प्रशासकिय अधिकृत/शिक्षा अधिकृतले अनुसुचि-२ वमोजिमको ढाँचामा गुठि दर्ताको प्रमाण पत्र प्रदान गर्नेछ ।

तर देहायका विद्यालयलाई शैक्षिक गुठिको रुपमा दर्ता गरिनेछैन

अ. सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय

आ.सरकारी वा सार्वजनिक जग्गामा सञ्चालन भएको विद्यालय

इ. कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएको भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय ।

तर कुनै व्यक्ति वा संस्थाले गुठीको रुपमा विद्यालय स्थापना तथा सञ्चालन गर्नेगरी कुनै विद्यालयलाई भवन वा जग्गा दान दातव्य दिएमा त्यस्तो विद्यालय निजी गुठिको रुपमा सञ्चालन गर्न सकिने छ

ङ) गुठि दर्तासम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेदः ५ शैक्षिक गुठि खारेजी प्रक्रिया

६. शैक्षिक गुठि खारेजी प्रक्रिया देहायबमोजिम हुनेछः

क) कुनै पनि नेपाली नागरिकले शैक्षिक गुठि दर्तागरि प्रचलित ऐन, कानुन बमोजिम उक्त गुठि सञ्चालन नभएको वा नगरिएको जानकारी प्राप्त हुन आएमा समितिले सो गूठिको अनुगमन तथा नीरिक्षण गर्नेछ ।

ख) अनुगमन तथा निरिक्षणको क्रममा सो गुठि ऐन, कानुन विपरित सञ्चालन भएको पाईएमा समितिले दुई पटक सम्म सचेत गराउनेछ ।

बेचन प्रसाद मेहता
अध्यक्ष

CamScanner

ग) सचेत गराँउदा पनि अटेर गरेमा समितिले उक्त शैक्षिक गुठि खारेज गर्नेछ ।

तर गुठि खारेज गर्नुपुर्व समितिले सम्बन्धीत गुठियारहरुलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

घ) गुठि खारेज गरेपश्चात उक्त गुठिको नाममा रहेको सम्पति गाउँपालिकाको स्वामित्वमा रहनेछ ।

ङ) गुठि खारेजी सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरेवमोजिम हुनेछ

## परिच्छेदः ६ विविध

८. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि शैक्षिक गुठि अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहायबमोजिम हुनुपर्नेछ ।

(क) शैक्षिक गुठि सञ्चालन गर्ने सञ्चालक (ट्रष्टी) संगठित सस्थाको रुपमा रहनेछ ।

(ख) शैक्षिक गुठि सञ्चालन गर्दा संचालन बोर्ड (ट्रष्टी) मा सार्वजनिक भए कम्तिमा पाँचजना र निजी गुठि भए कम्तिमा तीनजना सदस्य हुनुपर्नेछ ।

(ग) शैक्षिक गुठिको आयव्ययको लेखा सर्वमान्य लेखा प्रणालीमा राखि मान्यता प्राप्त लेखापरिक्षकबाट लेखापरिक्षण गराउनुपर्नेछ ।

(घ) शैक्षिक गुठिको तत्काल कायम रहेका गुठिका सञ्चालक (दृष्टी) ले आफ्नो जीवनकालमै वा शेष पछि उत्तराधिकारी तोक्न सक्नेछ ।

९. शैक्षिक गुठिमा सम्बन्धीत विद्यालयका संस्थापक वा निजले तोकेको व्यक्ति पदेन गुठियार हुनेछ ।

१०. गुठिमा दर्ता भएको शैक्षिक संस्थाले वार्षिक रुपमा गाउँपालिकाले तोकेको कर तिर्नुपर्नेछ ।

११. यस कार्यविधिमा लेखिएका विषयहरुको संशोधन, बचाउ र खारेजि देवानगञ्ज गाउँपालिकाको गाउँ कार्यपालिकाले गर्नेछ।

वेचन प्रसाद मेहता
अध्यक्ष

CamScanner

अनुसुचि-१

## शैक्षिक गुठि दर्ताको लागि दिईने निवेदन

### (परिच्छेद ४, दफा ६ (क) सँग सम्बन्धीत)

मितिः

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु,
देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी।

विषयः गुठि दर्ता गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषय सम्बन्धमा हामी...... जना गुठियारहरु मिलेर सार्वजनिक शैक्षिक गुठि स्थापना गरि शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्ने योजना रहेकोले तपसिलका कागजात सहित गुठि विधान पेश गरेका छौं । उक्त विधान बमोजिम निजी शैक्षिक गुठि दर्ता गरिदिन हुन सादर अनुरोध गर्दछौं ।

निवेदकहरु

१.

२.

३.

संलग्न कागजातहरुः

१. शैक्षिक गुठि विधान २ प्रति

२. सम्पुर्ण गुठियारहरुका नागरिकताका प्रतिलिपिहरु

३. शैक्षिक गुठि स्थापना गर्ने गुठियारहरुको निर्णयको प्रतिलिपि

वेचन प्रसाद मेहता
अध्यक्ष

CamScanner

अनुसुचि-२

## शैक्षिक गुठि दर्ताको प्रमाणपत्र

(परिच्छेद ४, दफा ६ (घ) सँग सम्बन्धीत)

# देवानगञ्ज गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

देवानगञ्ज, सुनसरी

कोशी प्रदेश, नेपाल

### प्रमाण मत्र

**यस** देवागञ्जज गाउँपालिका वडा नं........सुनसरी स्थित श्री ........................................लाई शिक्षा ऐन २०२८ (संशोधन सहित), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ११ अनुसार सम्वत् ...........साल ........... महिना ......गते...... रोज मा निजी शैक्षिक गुठिको रुपमा यस कार्यालयमा दर्ता गरिएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

................................

प्रमुख प्रशासकिय अधिकृत/ शिक्षा अधिकृत

शैक्षिक गुठि दर्ता नं.

मिति:

वेचन प्रसाद मेहता
अध्यक्ष